Siddhartha Bank Ltd.
Head Office
Hattisar, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 4442919, 4442920
Fax: 977-1-4442921
info@sbl.com.np
SWIFT: SIDDNPKA
www.siddharthabank.com

SiddharthaBank

20 YEARS OF VALUING RELATIONSHIP

च.नं. : 27/SH/080/81

मिति: २०८०/०७/१३

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग,
दरबारमार्ग, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग,
बालुवाटार, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय: वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा, यस बैंकको संचालक समितिको मिति २०८०/०७/१३ गते (तदनुसार ३० अक्टोबर, २०२३), सोमबार, दिनको ४:०० बजे देखि बसेको ४१९औं बैठकको निर्णय अनुसार मिति २०८०/०८/०५ गते हुने बाईसौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०८० साल मंसिर ५ गते (तद्नुसार २१ नोभेम्बर, २०२३), मंगलबार । |
| स्थान | : | आम्रपाली बैंङ्क्वेट, बालुवाटार, काठमाडौं । |
| सभा शुरु हुने समय | : | बिहान १०:०० बजे (उपस्थिति पुस्तिका बिहान ८:०० बजे देखि नै खुल्ला राखिने छ ।) |

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको २२ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

SiddharthaBank

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank South Asia 2021
Awarded by: IFC International Finance Corporation WORLD BANK GROUP
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank

Siddhartha Bank Ltd.
Head Office
Hattisar, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 4442919, 4442920
Fax: 977-1-4442921
info@sbl.com.np
SWIFT: SIDDNPKA
www.siddharthabank.com

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४.२१ प्रतिशतका दरले हुने रु. ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसठ्ठी रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. बैंकले आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

२. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger), बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने लगायत मर्जर तथा एक्वीजिसन तथा वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

भवदीय,

SiddharthaBank

.................

लक्ष्मण घिमिरे
कम्पनी सचिव

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank
South Asia 2021
Awarded by: IFC International Finance Corporation WORLD BANK GROUP
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank